गाउँ कार्यपालिकाको बैठक औ
मिति २०८३/०१/२४
समयः विहान ७:०० बजे

आज मिति २०८३/०१/२४ गते यस टेम्केमैयुङ गाँउपालिकाका अध्यक्ष श्री सरोज बस्नेतको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावमाथि छलफल गरी निर्णय गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री सरोज बस्नेत | गा.पा. अध्यक्ष |
| श्री रमादेवी राई | गा.पा. उपाध्यक्ष |
| श्री नर बहादुर राई | गा.पा. सदस्य |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य |
| श्री हर्कराज राई | गा.पा. सदस्य |
| श्री सुनिल राई | गा.पा. सदस्य |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य |
| श्री बाल वहादुर खड्का | गा.पा. सदस्य |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य |
| श्री सन्तोष राई | गा.पा. सदस्य |
| श्री कल्पना परियार | गा.पा. सदस्य |
| श्री गंगा वहादुर तामाङ | गा.पा. सदस्य |

श्री अदित दाहाल                प्रमुख प्रशासकीय अधिकृत

<u>बैठक समन्वय सहयोगी</u>

ईन्जिनियर श्री राम कुमार तामाङ

सूचना प्रविधि अधिकृत श्री धिराज बस्नेत

लेखा शाखा प्रमुख श्री अर्जुनजंग बस्नेत

शिक्षा अधिकृत श्री राजन ढकाल

अधिकृत छैटौं श्री गणेश प्रसाद धिमाल

सहायक चौथौ श्री लिला प्रसाद पराजुली

## प्रस्तावहरू

१. अघिल्लो कार्यपालिका बैठक समिक्षा सम्वन्धमा।
२. कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि २०८३ स्वीकृत सम्बन्धमा।
३. ठेकेदारलाई कालोसूचीमा राख्ने सिफारिस सम्बन्धमा।
४. लघु उद्यम कार्यक्रम सम्बन्धमा।
५. अस्थायी क्रसर अनुमति सम्बन्धमा।
६. जग्गा प्राप्ति सम्बन्धमा।
७. बजेट विनियोजन सम्बन्धमा।
८. मुन्दुम पदमार्गमा चौतारामा किताबढुंगा राख्ने सम्बन्धमा।
९. उपचार सहायता सम्बन्धमा।
१०. लकडी व्यवस्थापन सम्बन्धमा।

2083।04।28

## निर्णयहरू

**निर्णय नं.१ अघिल्लो कार्यपालिका बैठक समीक्षा सम्बन्धमा।**
अघिल्लो कार्यपालिकाको बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको बारेमा समीक्षा गरियो।

**निर्णय नं.२ कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि २०८३ स्वीकृत सम्बन्धमा।**
टेम्केमैयुङ गाउँपालिकाको "कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि २०८३" स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.३ ठेकेदारलाई कालोसूचीमा राख्ने सिफारिस सम्बन्धमा।**
यस गाउँपालिकाको वडा नं ७ कोटमा निर्माणाधीन १५ शैय्याको आधारभूत अस्पतालको सम्बन्धमा आयोजना सुरु भएको ४ वर्षसम्म पनि १० प्रतिशत काम समेत नभएको, सम्बन्धित फर्मलाई काम सुचारु गर्न पटक पटक ताकेता गर्दापनि उक्त निर्माण कार्य सूचारु गर्न कुनै तदारुकता नदेखाएको, मिति २०८२।१२।०१ मा म्याद थपको लागि निवेदन पठाएको भएतापनि सो पत्रमा Work Schedule लगायतका कागजात पेश नभएको, गोरखापत्रमा मिति २०८२।१२।०९ मा सम्बन्धित फर्मलाई स्पष्टीकरण सोधिएकोमा स्पष्टीकरणको समेत जवाफ नआएको तथा हालसम्म करार सम्झौताको कुनैपनि शर्त पुरा नगरेको हुँदा उक्त ठेक्का सम्झौता रद्द गरी सम्बन्धित फर्मलाई कालोसूचीमा राख्नका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गरि पठाउने निर्णय गरियो।

**निर्णय नं.४ लघु उद्यम कार्यक्रम सम्बन्धमा।**
यस आ.व.मा संघीय सरकारबाट सन्चालित हुने लघु उद्यम विकास कार्यक्रमको बजेटलाई देहायको तालिकामा उल्लिखित प्रतिशतको दायराभित्र रही कार्यक्रम संचालन गर्ने निर्णय गरियोः

| सि.नं. | क्रियाकलापहरू | बजेट प्रतिशत दायरा | कार्यक्रम संचालन |
|---|---|---|---|
| १ | प्राविधिक सीप विकास तालिम | १०० | कार्यालयले |

**निर्णय नं.५ अस्थायी क्रसर अनुमति सम्बन्धमा।**
यस पालिकाको निर्माणाधीन प्रशासनिक भवन निर्माण, नागी जिरोपोइन्टदेखि खावा पिङडाँडा सडक कालोपत्रे कार्यको लागि सम्बन्धित कोसेली निर्माण सेवाद्वारा अस्थायी क्रसर संचालनको लागि माग भई निवेदन आएको हुँदा सो सम्बन्धमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम पालिकाको प्राविधिक शाखाबाट अस्थायी क्रसर संचालनको उपयुक्तता अध्ययन गरि प्रतिवेदन कार्यपालिकामा पेश गर्ने मिति २०८२।१२।२६ को निर्णय बमोजिम प्राविधिक शाखाबाट प्रतिवेदन पेश भएकोमा सोही बमोजिम हुनेगरी यस गाउँपालिकाको देहायका योजनामा मात्र प्रयोग हुनेगरी र आयोजनाको अवधी सकिएपछि बन्द हुनेगरी नदीजन्य पदार्थको राजस्व समेत लिई अस्थायी क्रसर प्लान्ट संचालन अनुमति दिने निर्णय गरियो।

१. प्रशासनिक भवन निर्माण
२. नागी जिरो पोइन्टदेखि खावा पिङडाँडा भोर्नागी देखि पाँचधारे सडक कालोपत्रे

**निर्णय नं.६ जग्गा प्राप्ति सम्बन्धमा।**

यस गाउँपालिका अन्तर्गत देहायका वडाहरुमा कार्यालय प्रयोजनका लागि आवश्यक पर्ने जग्गा देहायका व्यक्तिहरूबाट निःशुल्क रूपमा उपलब्ध गराउने मन्जुरीनामा दिइएको हुँदा उक्त जग्गा प्राप्तिको लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो।

| वडा नं | जग्गाधनीको नाम | कित्ता नं | निःशुल्क प्राप्त हुने जग्गाको क्षेत्रफल | प्रयोजन |
|---|---|---|---|---|
| १ | तुलाराम राई | ४०६ | ०-१४-०-० बाट ०-१२-०-० | सामुदायिक स्वास्थ्य ईकाई रिमचिम |
| ५ | यक बहादुर विष्ट | १९४ | ३-१०-०-३ बाट सबै | सामुदायिक स्वास्थ्य ईकाई चोलन्ती |
| ९ | इन्दिरा राई घिमिरे | ७९६ | ३-५-२-० बाट ०-१२-०-० | सामुदायिक स्वास्थ्य ईकाई काभ्रे |
| २ | दल बहादुर बस्नेत | ५३८ | १७-१४-०-३ बाट १-०-०-० | सामुदायिक स्वास्थ्य ईकाई रुमला |

**निर्णय नं.७ बजेट विनियोजन सम्बन्धमा।**

क) मिति २०८२।१०।१५ मा जनोदय मा.वि. कोटको आयोजनामा संचालित मैत्रीपूर्ण भलिबल प्रतियोगिता तथा भेटघाट कार्यक्रमको लागि खेलकुद शीर्षकबाट रु.१०००००।- (एक लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो।

ख) तेस्रो आमन्त्रित पौवादुङ्मा गोल्डकप फुटबल प्रतियोगिता २०८२ मा यस पालिकाबाट सहभागिताको लागि खेलाडीहरू पठाइएकोमा सो प्रतियोगितामा भएको खर्च रकम रु.१०००००।- (एक लाख मात्र) खेलकुद शीर्षकबाट विनियोजन गरी उक्त रकम टिम म्यानेजरलाई भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.८ मुन्दुम पदमार्गमा चौतारामा किताबढुंगा राख्ने सम्बन्धमा।**

मुन्दुम पदमार्ग अन्तर्गत हाँसपोखरी ढुंगाखर्केमा निर्माण भएको चौतारामा दुईवटा किताबढुंगा राख्ने ठाउँ भएकाले पहिलो निवेदन मिति २०८३।०१।२३ गते श्रीमती कमला कुमारी राईबाट प्राप्त भएको हुँदा पहिलो निवेदनलाई प्राथमिकता दिने निर्णयबमोजिम निजको निवेदनलाई छनौट गरी रु.१०००००।- (एक लाख) राजस्व लिई किताबढुंगा राख्न मात्र अनुमति दिने निर्णय गरियो।

**निर्णय नं.९ उपचार सहायता सम्बन्धमा।**

यस गाउँपालिका वडा नं ३ निवासी लक्ष्मीप्रसाद घिमिरेले मुटुको गम्भीर समस्या आई उपचार सहायता रकम पाउँ भनी निवेदन पेश गर्नुभएको हुँदा विपद् व्यवस्थापन कोषबाट रु.५००००।- (पचास हजार मात्र) सहायता रकम स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.१० लकडी व्यवस्थापन सम्बन्धमा।**

यस गाउँपालिकाका विभिन्न वडाहरूमा लकडीहरू निकासी गर्दा अव्यवस्थित ढंगले लोड अनलोड गर्दा ग्रामीण सडक, सिचाई कुलो, खानेपानीको मुहानजस्ता संरचनाहरूमा क्षति पुगी अवरोध सिर्जना भएको भन्ने जनगुनासो आएकोमा उक्त लकडी निकासीलाई व्यवस्थित बनाउन सम्पूर्ण वडाहरूको समन्वयमा पहल कदमी गर्ने निर्णय गरियो।